**फिक्कल गाउँपालिका**

**खाङसाङ, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

---

**स्थानीय राजपत्र**

**खण्डः७** **संख्याः२** **मितिः २०८०/०३/२२**

**भागः २**

# फिक्कल गाउँपालिका सिन्धुलीको शिक्षा ऐन, २०७४

नेपालको संविधान, २०७२ को धारा २२१ ले दिएको व्यवस्थापिकीय अधिकारको प्रयोग गरी फिक्कल गाउँपालिका सिन्धुलीको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको ऐन नं.०८

फिक्कल गाउँपालिका सिन्धुलीको "शिक्षा ऐन, २०७४

गाउँ सभाबाट स्वीकृत मितिः २०७४/१२/२६

प्रमाणीकरण मितिः २०७४/१२/३०

**संशोधन मितिः २०८०/०३/२१**

प्रस्तावनाः प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी सघीय लोकतन्त्रको संस्थागत विकास, मूलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यपी आवश्यकतामा आधारित प्रतिष्पर्धी जनशक्ति तयार गर्न यस फिक्कल गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा ५७ को उपधारा (४) को अनुसूची ८ को क्रसं८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११. ज मा व्यवस्थित काम, कर्तव्य र अधिकारको प्रयोजनका लागि फिक्कल गाउँपालिका सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो ऐनको नाम ‘‘शिक्षा ऐन, २०७४ रहेको छ।

(२) यो ऐन फिक्कल गाउँपालिका सिन्धुली भर लागु हुनेछ।

३) यो ऐन फिक्कल गाउँपालिका सिन्धुलीको गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले फिक्कल गाउँ कार्यपालिका सिन्धुलीलाई सम्झनु पर्छ।

(ग) ‘‘कोष" भन्नाले दफा ४५ बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ

(घ) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीलाई सम्झनु पर्छ।

(ङ) "गाउँसभा" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीको गाउँसभालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फिक्कल गाउँपालिका सिन्धुलीको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "बालशिक्षा केन्द्र" भन्नाले चारवर्ष उमेर पुरा भई पाँचवर्ष उमेर पूरा नगरेको बालबालिकाका लागि खोलिएको प्रारम्भिक बालशिक्षा केन्द्र, नर्सरी, के. जी., मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झन् पर्छ ।

(झ) "वाल शिक्षा केन्द्र" भन्नाले खण्ड छ वमोजिम शिक्षा दिइने केन्द्र सम्झनु पर्छ ।

(ञ) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(ट) 'प्राथमिक विद्यालय" भन्नाले खण्ड (झ) बमोजिम शिक्षा दिईने विद्यालय सम्झनु पर्छ ।

(ठ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिईने शिक्षा सम्झन् पर्छ ।

(ड) आधारभूत विद्यालय" भन्नाले खण्ड (ट) बमोजिम शिक्षा दिईने विद्यालय सम्झनुपर्छ ।

(ड) माध्यमिक शिक्षा भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ण) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ड) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(त) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(थ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषय वस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्ययन गराईने शिक्षालाई सम्झनु पर्छ ।

(द) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(घ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकारले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्दछ ।

(न) "अनुमति" भन्नाले विद्यालय सञ्चालन गर्न नियम अनुसार गाउँपालिकाले दिने अनुमति सम्झनु पर्छ।

(प) "समुदायद्वारा सञ्चालित विद्यालय" भन्नाले सरकारबाट आंशिक अनुदान पाई समुदायको लगानीमा सञ्चालन भएको विद्यालयलाई सम्झनुपर्छ।

(फ) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित अनुदान नपाउने गरी सहकारी, शैक्षिक गुठी र निजी स्तरबाट सञ्चालित विद्यालयलाई सम्झनुपर्छ।

(ब) "साझेदारी विद्यालय" भन्नाले सरकार र निजी क्षेत्रको सामूहिक लगानीमा सञ्चालन भएको विद्यालयलाई सम्झनुपर्छ।

(भ) "विशेष शिक्षा" भन्नाले विशेष आवश्यकता भएका बालवालिकालाई दिईने बिशेष शिक्षा सम्झनुपर्छ।

(म) "विशेष विद्यालय" भन्नाले खण्ड (भ) वमोजिमको आवश्यकता भएका बालवालिकालाई सांकेतिक भाषा, ब्रेल लिपी आदिको माध्यमबाट शिक्षा दिईने विद्यालयलाई सम्झनुपर्छ।

(य) "शिक्षक" भन्नाले विद्यालयको अध्यापकलाई सम्झनुपर्छ। सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउनेछ।

(र) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा भन्ने सम्झनुपर्छ।

१. दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारिरिक वा अन्य अपाङ्गता भएका बालवालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा।

२. सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिईने शिक्षा।

(ल) "व्यवस्थापन समिति" भन्नाले दफा १७ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(व) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिको कर्मचारीलाई सम्झनु पर्छ।

(श) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा शाखा हेर्ने विभाग, महाशाखा, शाखा वा इकाईलाई सम्झनु पर्छ।

(ष) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(स) "स्रोत व्यक्ति" भन्नाले फिक्कल गाउँपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षणिक अभिवृद्धि तथा शिक्षकहरुको पेशागत व्यवसायिकता अभिवृद्ध गर्न माध्यमिक तहका स्थायी शिक्षकहरुमध्येबाट छानिएको व्यक्ति सम्झनुपर्छ।

(ह) "अविभावक" भन्नाले विद्यालयमा अध्ययनरत बिद्यार्थीको अभिभावक भनि बिद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ। सो शब्दले दफा १७ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे, बजै, सासु, ससुरा, पति र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(क्ष) "विद्यालय कर्मचारी" भन्नाले विद्यालयको दैनिक प्रशासनिक कार्य तथा आर्थिक प्रशासनिक कार्य सञ्चालन गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ।

(त्र) "गाउँ शिक्षा समिति" भन्नाले यस ऐनको दफा १४ को उपदफा २ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

## परिच्छेद् २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, योजना तथा नियमन

३. माध्यमिक शिक्षाको प्रकारः

(क) माध्यमिक तहको शिक्षाः देहाय बमोजिम हुनेछन्ः

क. साधारण माध्यमिक शिक्षा

ख. प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

४. शिक्षाको माध्यमः

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ। क. आधारभूत (कक्षा ५) तहसम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

ख. गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

ग. भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ।

५. बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

६. विद्यालयको बर्गीकरणः विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्न अनुसार बर्गीकरण गरिनेछ।

(क) सामुदायिक विद्यालय,

(ख) समुदायद्वारा सञ्चालित विद्यालय,

(ग) संस्थागत विद्यालय,

(घ) साझेदारी विद्यालय।

७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने : (१) कुनै समुदाय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तरगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको बिवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति दिनेछ।

(३) कुनै समुदायमा सामुदायिक विद्यालय सञ्चालन गर्न आवश्यक छ भनि समुदायले वडा समितिमा निवेदन दिई वडा समितिले राय सहित सामुदायिक विद्यालय खोल्ने स्वीकृतिका लागि गाउँ शिक्षा समिति समक्ष सिफारिस गरेमा गाउँ शिक्षा समितिको स्वीकृतिमा गाउँपालिका प्रमुखले स्वीकृति दिन सक्नेछ।

(४) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि./एस.इ.इ.) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयको आवेदन परेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ। तर, अनुमति लिनुअघि परिषद्‌द्वारा तोकिएको मापदण्ड जाँचवुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ।

(५) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गतका विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

क. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनु पर्नेछ,

ख. शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र नीजि गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्नेछ,

.ग. शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकवाट लेखा परीक्षण गराएको हुनुपर्नेछ,

घ. शैक्षिक गुठीको तत्काल कायम रहेको दृष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर, सार्वजनिक शैक्षिक गुठीको हकमा यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखि विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनु पर्नेछ। गाउँ

कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तरगत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी शिक्षण संस्थासँग सम्वन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिईने कार्य संघीय कानुन बमोजिम हुनेछ।

(९) यसअघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्थाः माथि जेसुकै उल्लेख भए पनि यसअघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिने छन। तर, यसअघि सञ्चालन भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा बिवरण र कागजपत्र पेश गर्नु पर्नेछ।

८. धरौटी राख्नुपर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण वापत तोकिए बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ।

९. धरौटी रकम जम्मा गरिनेः विद्यालयले दफा (८) बमोजिमको धरौटी वापतको रकम कार्यपालिकाको तोकिएको खातामा जम्मा गर्नु पर्नेछ।

१०. बाल शिक्षा केन्द्र सम्बन्धीः गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बालशिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ।

११. बालगृहको सञ्चालनः गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले बालगृह सञ्चालन गर्न पाउनेछ। बालगृह सञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

१२. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ।

१३. गाउँ कार्यपालिकाले विद्यालयको कक्षा, तह घटाउन, सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेछ ।

## परिच्छेद् ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१४. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) गाउँपालिका भित्रका विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख र व्यवस्थापन गर्ने काम समेतको लागि एक गाउँ शिक्षा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ शिक्षा समितिमा देहायका सदस्यहरु रहने छन-

(क) गाउँपालिका अध्यक्ष वा अध्यक्षको कामकाज गर्न तोकिएको व्यक्ति अध्यक्ष (ख) गाउँपालिका उपाध्यक्ष सदस्य

(ग) वडा अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एकजना (घ) सामाजिक विकास समितिका संयोजक सदस्य सदस्य

(ङ) गाउँ कार्यपालिकाका महिला सदस्यहरुमध्येबाट गाउँ कार्यपालिकाले तोकेको एकजना - सदस्य

(च) सामुदायिक विद्यालयको शिक्षकहरुमध्येबाट समितिले तोकेको एक महिला शिक्षक सहित दुईजना सदस्य

(छ) गाउँपालिकास्थित सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट समितिले मनोनित गरेको एकजना - सदस्य

(ज) समाजसेवी, शिक्षाप्रेमी वा चन्दादाताहरुमध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित एकजना - सदस्य

(झ) फिक्कल गाउँपालिका स्थित शिक्षक महासंघको अध्यक्ष/प्रतिनिधि सदस्य (ञ) शिक्षा अधिकृत -सदस्य सचिव

(३) मनोनित सदस्यहरुको कार्यकाल दुई वर्षको हुनेछ ।

( ४) समितिको बैठक सञ्चालन प्रक्रिया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ। (५) उपदफा (१) अनुसार तोकिएको वा मनोनित भएको सदस्यले पदीय आचरण पुरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर, त्यसरी हटाउन वा बर्खास्त गर्नुअघि मनासिव माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन।

१५. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) फिक्कल गाउँपालिका क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) फिक्कल गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरुको विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ञ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(ट) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(ठ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने,

(ड) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(ढ) विद्यार्थीहरुलाई आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(ण) विद्यालय बाहिर रहेका बाललालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित गर्ने,

(त) विद्यालय पठन पाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर वनाई लागू गर्ने, गराउने,

(थ) शिक्षक तालिम नीति तर्जुमा गरी लागू गर्ने,

(द) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ध) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासंग सम्बन्धित तथ्याङ्गहरु राख्ने,

(न) शिक्षामा सबै बालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरूलाई सुनिश्चित गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१६. शिक्षा अधिकृत रहनेः गाउँपालिका अन्तरगतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एकजना शिक्षा अधिकृत रहनेछ । निजको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछन् ।

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने,

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. विद्यालय व्यवस्थापन समितिः (१) सामुदायिक विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ।

(क) खण्ड (ख) र (घ) बाट छानिएका व्यक्ति मध्येबाट एक जना - अध्यक्ष

(ख) अभिभावक मध्येवाट छानिएका दुइ महिला सहित चार जना - सदस्य

(ग) सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको निर्वाचित सदस्य एक जना -सदस्य

(घ) चन्दादाता, समाजसेवी, बुद्धिजिवी मध्येवाट खण्ड (ख) र (ग) का व्यक्तिहरुले छानेका १/१ जना गरी २ जना -सदस्य

(ङ) सम्बन्धीत विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानेका एक जना सदस्य (च) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम सदस्य तथा खण्ड (क) बमोजिमको अध्यक्ष छनौट गर्ने क्रममा विवाद उत्पन्न भई छनौट हुन नसकेमा सो खण्डका सदस्य तथा अध्यक्षको छनौट गाउँ शिक्षा समितिले गर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) वमोजिम छनौट हुने अध्यक्षको लागि २१ वर्ष उमेर पुरा भएको हुनु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागु हुँदाका बखतसम्म गठित क्रियाशील विद्यालय व्यवस्थापन समितिको पदावधि रहे पनि स्वतः पदावधि समाप्त भएको मानी ऐन लागु भएको एक महिनाभित्र नयाँ समिति गठन गर्नु पर्नेछ।

(५) विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनको लागि आयोजित भेलको अध्यक्षता सम्वन्धित वडाको वडा अध्यक्षले गर्नेछ।

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर, त्यसरी पदबाट

हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) विद्यालयलाई शान्तिक्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(८) सामुदायिक विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सकिनेः कनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सो को कारण खुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ। तर, त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) विद्यालयलाई शान्तिक्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(८) सामुदायिक विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. शिक्षक अविभावक संघः सबै विद्यालयमा शिक्षक र अविभावक रहेको तोकिए बमोजिमको एक शिक्षक अविभावक संघ रहने छ ।

## परिच्छेद् ४
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा, शर्त र योग्यता

२०. शिक्षकको दरवन्दी निर्धारण (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निधर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको फायल खडा गरी गाउँपालिकाले राख्नुपर्नेछ ।

२१. अनुदानको व्यवस्थाः (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौति नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर, कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइंदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिने छ ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलव्ध गराउन सकिने छ । नियुक्ति भएका शिक्षकको व्यक्तिगत फायल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

२२. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी संघीय, प्रदेश र स्थानीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

२३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः (१) शिक्षक तथा कर्मचारीको पदीय आचरण तोकिए बमोजिम हुनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारवाहीको लागि गाउँ शिक्षा समिति समक्ष सिफारिस गर्नेछ ।

( क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) निजले अध्यापन गरेको विषयमा तीन वर्षको औषत शैक्षिक उपलब्धी चालीस प्रतिशत भन्दा कम भएमा,

(च) निजले पदीय आचरण विपरितको कामकाज गरेको पाईएमा,

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ। तर, कार्यरत पदवाट हटाउनुअघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ।

## परिच्छेद् ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालीम

♣२४. शिक्षक तथा कर्मचारीको नियुक्तिः (१) विद्यालयमा कायम रहेको रिक्त दरवन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको पदपूर्ति समितिवाट हुनेछ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य

(ग) सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

२. समतिको कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरिदिए बमोजिम हुनेछ।

२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ।

(२ ) प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ :

---

♣ प्रथम संशोधनद्वारा संशोधित

(३) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको वृहत्तर हित गर्नु प्रधानाध्यापकको दायित्व हुनेछ ।

२६ . शिक्षक्षकको सरुवाः (१) स्थायी, अस्थायी र राहत शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा दुई वर्ष सेवा गरे पश्चात्ः निजले चाहेमा गाउँपालिका भित्रको अर्को बिद्यालयमा सरुवा हुन सक्नेछ। यसरी सरुवा गर्दा अर्को विद्यालयको छनौट सम्बन्धित शिक्षकको छनौट रोजाई र प्राथमिकतामा हुनेछ । तर, त्यसरी रोजिएको विद्यालयमा आफ्नो विषयको दरवन्दी खाली हुनु पर्नेछ ।

(२) न्यूनतम दुई वर्ष एकै विद्यालयमा अध्यापन गरेको स्थायी, अस्थायी र राहत शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन। यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलव्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको बिद्यालयमा सरुवा गर्न सक्नेछ । (३)विशेष अवस्था वाहेकका शिक्षकको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निजको सो विद्यालयमा रहन सक्ने विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी संगै रही सेवा गर्ने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

२७. दरवन्दी मिलानः (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पीछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिईने छ ।

(३) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अवस्थामा दरवन्दी मिलानको र सरुवाको काम सिधै गाउँ कार्यपालिका आफैले गर्न सक्नेछ ।

२८. शिक्षक बढुवा सम्बन्धी व्यवस्थाः हाल स्वायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ। तर, स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुने छैन ।

२९. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जनसकै करा लेखेको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्रकोप उद्दार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ । ३०. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसारका कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक बर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । (३) बार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३१. कार्य सम्पादन मुल्याङ्कन र सजाय तथा पुरस्कारः (१) कार्य सम्पादन करार भएका शिक्षक तथा कर्मचारीको कार्य सम्पादन क्षमताको आधारमा मुल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई दण्डित गरिनेछ । (२) कार्य सम्पादन सम्झौताको मूल्यांकन, पुरस्कार र सजाय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद्-६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः (१) विद्यार्थी संख्या अनुसार कक्षा कोठा, खेलकुद मैदान कम्पाउण्ड, घेरावार, बालमैत्री वसाई व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग-अलग शौचालय तथा सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

३३. विद्यालयको सम्पत्तिः (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ। यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोग नआउने भएमा बेचविखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नुअघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ।

३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्न सक्नेछ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ।

३५. विद्यालयको पाठ्यक्रम र पाठ्य पुस्तकः (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाई उपलव्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले संघीय सरकारले तोकेको मापदण्डभित्र रही संघीय, प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्य पुस्तक लागू गर्न सक्नेछ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरी पाठ्य पुस्तकको प्रवन्ध गर्नेछ।

(४) आधारभूत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित वढीमा १०० पूर्णाङ्क वा ४ केडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि पाठ्य पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्नेछ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामाग्री, थप स्वअध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अविभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ।

३६. अतिरिक्त शैक्षिक क्रियाकलापः विद्यालयले पाठ्यक्रममा आधारित सिकाईमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बाल क्लव तथा वातावरणमैत्री क्लवहरु गठन परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगीता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद् ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

३८. संस्थागत विद्यालयको व्यवस्थापन समितिः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्तामध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना अध्यक्ष

(ख) अविभावकमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एकजना- सदस्य

(घ) सम्वन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोत व्यक्ति-सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरुमध्येवाट छानी पठाएका एकजना - सदस्य -

सदस्य सचिव

च) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(२) उपदफा (१) को (क), (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने, (ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्य पुस्तक लागु गर्ने, गराउने,

(घ) प्रचलित कानून बमोजिम योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलव, सेवा सुविधा तोक्ने,

(च) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(छ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्वन्धित सबै नीति, नियम तथा निर्देशनहरुको पालना गर्ने।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलव्ध गराउनुपर्नेः (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघटने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपांगता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ। छात्रवृत्ति वितरण सम्बन्धी यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिकास्थित शिक्षाशाखामा बुझाउनु पर्नेछ। (२) छात्रवृत्ति पाउने विद्यार्थीको छनौटको लागि आधार शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिवाट स्वीकृति गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजाको आधार सहित सार्वजनिक गर्नु पर्नेछ।

४१. शिक्षकको न्युनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्युनतम पारिश्रमिक र न्युनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

४२. अनुगमन तथा मूल्यांङ्गनः संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन कार्यान्वयन गर्न संस्थागत विद्यालयको दायित्व हुनेछ।

४३. अनुमति वा स्वीकृति रद्द गर्नेः कुनै संस्थागत विद्यालयले ऐन, कानून र नियम विपरित कुनै काम गरेमा गाउँपालिकाले यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ। तर, त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ।

परिच्छेद् ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४४. परीक्षा सञ्चालन तथा समन्वय समितिः (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयमा परीक्षा सञ्चालन तथा समन्वयका लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

(ख गाउँपालीकाको शिक्षा क्षेत्र हेर्ने विषयगत समितिको संयोजक-सदस्य

(ग) श्रोत व्यक्ति-सदस्य

(घ) प्रमुख सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय- सदस्य

(ङ) गाउँपालिकामा रहेको आधारभूत र मा.वि. तहको शिक्षहरु मध्येबाट दुईजना सदस्य

(च) शिक्षा अधिकृत-सदस्य सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ। यसका लागि परीक्षामा लाग्ने खर्च सम्बन्धित

कक्षाका विद्यार्थीहरुबाट परीक्षा शुल्क लिन सकिने छ। (५) उपदफा (२) र (३) बाहेकको कक्षाहरूको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

(६) परीक्षा सञ्चालन तथा समन्वय समितिको वैठकमा विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ।

## परिच्छेद् ९

## विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४५. विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोपमा दाखिला हुनेछ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगवाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

४६. अनुदानको व्यवस्थाः (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौति नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर, कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिईदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिने छ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलव्ध गराउन सकिने छ।

(३) गाउँपालिकाले बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

४७. बजेट तयार गर्नेः प्रधानाध्यापकले प्रत्येक वर्षको ज्येष्ठ मसान्तभित्र आगामी बर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एकप्रति
शिक्षा शाखामा पठाउनु पर्नेछ।

४८. लेखा व्यवस्थापनः (१) सबै विद्यालयले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नु पर्नेछ।

(२) नियमित कारोवारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ।

४९. सामुदायिक विद्यालयको खाता सञ्चालनः (१) विद्यालयले आर्थिक कारोवार गदां बैंक मार्फत गर्नु पर्नेछ।

(२) विद्यालयको खाता सञ्चालन तोकिएका पदाधिकारी, शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ।

५०. लेखा परीक्षण तथा सामाजिक परीक्षणः (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखापरीक्षकवाट लेखा परीक्षण गराउनु पर्नेछ। (२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्् भएको १५ दिनभित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गराउनु पर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अविभावक समक्ष पेश गरी पृष्ठपोषण लिनु पर्नेछ।

५१. छात्रवृत्तिको व्यवस्था गर्नसक्नेः गाउँपालिकाले विद्यालयमा भना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

५२. शुल्क सम्बन्धी व्यबस्थाः (१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा वाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिईने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति लिंदा विद्यालयले उपलव्ध गराएको सुविधालाई आधार लिइने छ ।

(२) उपदफा (१) को (क), (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन बर्षको हुनेछ ॥

५३. विद्यालयलाई छूट र सुविधाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेको आधारमा रजिष्ट्रेशन दस्तुर छूट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छूट र सुविधा तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद् १०
# विविध

५४. गाउँपालिकाले निर्देशन दिन सक्नेः (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोष सञ्चालनः (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, वृजकोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैनन्।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, परामर्श सेवा, वृजकोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

५६. प्रगति विवरण बुझाउनु पर्नेः संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ कार्यपालिकालाई बुझाउनु पर्नेछ। ५७. शिक्षक वा कर्मचारीले नीजि विद्यालयमा लगानी गर्न नपाउनेः सामुदायिक तथा
समुदायद्वारा सञ्चालित विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन।

५८. स्थानीय शिक्षा विकास कोषः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पिडित र असहाय बालवालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ।

(२ ) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ:

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोष सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने गाउँपालिकास्थित विषयगत शाखाको प्रमुख र शिक्षा अधिकृत रहेको तीन सदस्यीय समितिबाट हुनेछ।

५९. दण्ड सजायः ।१। कसैले विद्यालयको सत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असुल गरी विगो बमोजिम जरीवाना गर्न सक्नेछ।

(२) कसैले देहायको कार्य गरेमा गर्न लगाए वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ।

(क) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा परीक्षा अमर्यादित पार्ने कोशिस गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, वृजकोर्ष, भाषा शिक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(च) कानून विपरित अन्य कार्य गरेमा।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनमा व्यवस्था भए बमोजिम थप सजाय गरिनेछ।

५८. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

५९. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

६०. संक्रमणकालीन व्यवस्थाः (१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरवन्दीमा अस्थायी पदपूर्तिका लागि विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ

६१. शिक्षक महासंघ सम्बन्धी व्यवस्थाः शिक्षक महासंघ सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक कानुन वमोजिम हुनेछ ।

६२. वाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर, यस्तो अदेश गाउँ सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निस्कीय हुनेछ ।

६३. बचाउ र लागु नहुनेः (१) यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिनामा गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तरगत कारवाही चलाउन वाधा पर्ने छैन ।

(३) नेपालको संविधान, संघीय र प्रदेश कानूनसँग वाझिने यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

**आज्ञाले**

**राजेन्द्र कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**